नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग

फोन नं.: ४७८०२२७, ४७८०४३२
फ्याक्स नं.: ९७७-१-४७८०५७२
पोष्ट बक्स नं. १००३८
ई-मेल: druginfo@dda.gov.np
inspection@dda.gov.np

मदन भण्डारी पथ, विजुलीबजार
काठमाडौं, नेपाल

पत्र संख्या नि. ०७२।७३

चलानी नं.:

# प्रेस विज्ञप्ति

मिति: २०७२।०७।२०

आज मिति २०७२।०७।२० गते श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका श्रीमान् सचिव श्री शान्त बहादुर श्रेष्ठज्यूको समुपस्थितिमा औषधि व्यवस्था विभागका महानिर्देशक श्री बालकृष्ण खकुरेलको संयोजकत्वमा औषधि तथा औषधिजन्य उपकरणको आपूर्ति व्यवस्थापन सम्बन्धि कार्यदलको वैठकमा विभिन्न सरोकारवाला संस्थाहरुका अध्यक्ष एवं प्रतिनिधिज्यूहरु (नेपाल औषधि उत्पादक संघ (APPON); नेपाल औषधि व्यवसायी संघ (NCDA); केमिकल तथा मेडिकल सप्लायर्स एसोसिएसन नेपाल (CHEMSAN); नेपाल औषधि बिक्री प्रबन्धक संगठन (PEAN); नेपाल निजि स्वास्थ्य संस्था संघ (APHIN) तथा विभिन्न मन्त्रालयहरु (श्री गृह; उद्योग; संस्कृति, पर्यटन तथा नागरिक उड्डयान; वाणिज्य तथा आपूर्ति; रक्षा मन्त्रालय) का उच्चस्तरिय प्रदाधिकारीज्यूहरुसंग छलफल भए अनुसार देहाय बमोजिमको व्यहोरा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय भयो ।

१. औषधि तथा औषधिजन्य उपकरणहरुको मौज्दात रहेकोले अत्यावश्यक औषधिहरु हाल बजारमा सर्वसुलभ रुपमा उपलब्ध रहेको तथा ती औषधि/उपकरणहरु साविक छापिएको MRP बमोजिम नै उपलब्ध हुने ।

२. स्वास्थ्यकर्मी तथा उपभोक्ताहरुले साविककै औषधिहरुको सिफारिश र सदुपयोगलाई यथावत राख्न सकिने । यद्यपी कुनै Brand विशेष अभाव भएमा सो को सट्टामा सोहि प्रकृतिका अनुकुल हुने अन्य उपलब्ध Brandहरु मध्येबाट सिफारिश तथा प्रयोग गर्न/गराउन पहल गर्ने ।

३. न्यून मौज्दात भएका औषधिहरुको उत्पादन तथा आयातका लागि नेपाल सरकारको सहयोग लिई NCDA र APPONबाट निजी एवं सरकारी आपूर्ति समेतका लागि पहल गरिने ।

४. औषधि/औषधिजन्य उपकरणहरुको आयात एवं उपलब्ध मौज्दातको सुनिश्चत वितरणका लागि ढुवानी/सुरक्षा, इन्धन उपलब्धता, यातायात सहजता (escorting) र हवाईमार्ग प्रयोग समेतलाई प्राथमिकता दिने ।

५. कार्यदलका अन्य सदस्यहरुको औषधि आपूर्तिमा सहजता जारी रहने बारे विज्ञप्ति आउने ।

..........................

बालकृष्ण खकुरेल